# वीरेन्द्रनगर नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय, सुर्खेत

### मिति २०७९।०३।३१ गतेको छैठौ कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय न. १.** यस अघोका कार्यपालिका बैठकका निर्णयको कार्यान्वयन अवस्था बारे बैठकमा छलफल गरियो। कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई क्रमश: कार्यान्वयन गर्दै जाने।

**निर्णय न. २.** वीरेन्द्रनगर नगरपालिका, सुर्खेत (पहिलो पक्ष) र पी.आर. कन्सट्रक्सन, भक्तपुर, (दोस्रो पक्ष) वीच भएको वीरेन्द्रनगर नगरपालिका वडा नम्वर ६ स्थित सिटि वसपार्क र सो मा निर्मित संरचना प्रयोग गरे वापत दोस्रो पक्षले पहिलो पक्षलाई आय ठेक्का वापतको मासिक भाडा/राजस्व रकम र सो सम्झौतामा उल्लेख भए वापतको हर्जना रकम समेत बुझाउन पटक पटक ताकेता गर्दा पनि नबुझाई सम्झौतामा उल्लेखित शर्तहरुको पालना नगरेको हुँदा देहाय वमोजिम गर्ने।

देहाय:

(क) हालसम्मको हुन आउने कुल आय राजस्व र सम्झौता बमोजिमको हर्जना रकम समेत असुल उपर गर्न सवै किसिमको कानूनी उपाय अवलम्वन गर्दै आवश्यक न्यायीक प्रक्रिया थालनी गर्न अदालतमा मुद्धा दायर गर्ने।

(ख) वसपार्क व्यवस्थापन कार्यविधि, २०७६ को दफा १२ (ङ) (५) मा उल्लेख भए अनुसार सम्झौता तोड्नु पूर्व बसपार्क व्यवस्थापकलाई (दोस्रो पक्ष) हाल सम्मको हुन आउने कुल आय राजस्व र हर्जना समेत वुँझाउने गरि अन्तिम पटक सफाई पेश गर्ने मौका दिने , सोको लागि पी.आर. कन्स्ट्रक्सनको नाउँमा पुन: औपचारिक कानूनी सूचना पठाउने।

(ग) वीरेन्द्रनगर सिटि बसपार्क संचालन तथा व्यवस्थापन सम्वन्धी सम्झौताको बुँदा नम्वर ४ र बसपार्क व्यवस्थापन कार्यविधि, २०७६, दफा १२(ङ)(५) वमोजिमको कानूनी प्रकृया पुरा गरी ठेक्का तोडने प्रकृया अगाडी वढाउने।

**निर्णय न. ३.** (क) चालु आर्थिक वर्षको स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार सम्झौता भई सम्पन्न भएका देहायका संघीय सरकारको शशर्त, प्रदेश सरकार शशर्त, समपुरक, विशेष र स्थानीय तहको विनियोजित वजेट तथा कार्यक्रम तर्फका सम्पन्न योजना र कार्यक्रमको फाईलहरु समयमा सेवाग्राहीवाट पेश नहुँदा र मिति २०७९।०३।२४ र २५ गते अनलाईन भुक्तानीका SuRTA र CGAS प्रणालीको सर्भर डाउन भएकोले भुक्तानी हुन नसकेका तर तोकिएको मापदण्ड पुगि सम्पन्न भई निरीक्षण एवं प्राविधिक प्रतिवेदन समेतका आधारमा भुक्तानी योग्य योजना तथा कार्यक्रमको कागजजात जाँची फिर्ता गर्न बाँकी सम्बन्धीत स्रोतबाट भुक्तानी दिनका लागि प्रमुख स्तरीय निर्णयलाई अनुमोदन गर्ने।

निम्न

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

## वीरेन्द्रनगर नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय, सुर्खेत

### मिति २०७९।०३।३१ गतेको छैठौं कार्यपालिका बैठकको निर्णयहरु

संघिय सरकार शसर्त अनुदान

| सिनं | योजना/व्यक्ति/ फर्म/ संथाको नाम | वडा नं | रकम | श्रोत |
|---|---|---|---|---|
| १ | शहरी स्वास्थ्य भवन निर्माण प्र.म. रोजगार | १५ | ५००००० | आन्तरिक ऋण |
| २ | बाहघर देवस्थल तिनघरे मोटरबाटो निर्माण प्र.म. रोजगार | १६ | ३८९५३४ | आन्तरिक ऋण |
| ३ | खरीखोला स्टील ट्रस झो.पु. | १६ | ३०१३४६ | आन्तरिक ऋण |
| ४ | सिमलडांडा रानीमत्ता र खरिखोला ट्रस फलामे सामान खरिद | | २१३८४३४ | आन्तरिक ऋण |
| ५ | काक्रेविहार परिसर क्षेत्र भित्र सरसफाइ | ९ | १५४६९१ | आन्तरिक ऋण |
| ६ | आनन्द मा.वि. कृष्णगंज स्कुल | २ | ६५०००० | नगद अनुदान |
| ७ | चन्द्रगंगा मा.वि. गाग्रेताल | | ६५०००० | नगद अनुदान |

प्रदेश तर्फका योजनाहरु

| सिनं | योजना/व्यक्ति/ फर्म/ संथाको नाम | वडा नं | रकम |
|---|---|---|---|
| १ | थारु संग्राहलय भवनको तला थप | ९ | ९७८००० |
| २ | सितलटोल देखि सामुदायिक वनको भवन जाने सडक स्तरोन्नती | ७ | ४५०००० |
| ३ | दुर्गा मन्दिर कम्पाउण्ड वाल निर्माण | १ | ९०९००० |
| ४ | वी न पा १० स्थित बाकावलको घरदेखि उत्तर पूर्वको नाला निर्माण र बाटो ग्रावेल | १० | ४६४००० |
| ५ | टेकु मार्ग हुदै इत्राम खोला जाने बाटो स्तरोन्नती | ७ | ३९५५०० |
| ६ | चादनीचौकी टोल विद्यालय हुदै सत्तेकाडाँ बुलबुले भेरि सम्म सडक स्तरोन्नती | ९ | २१४०००० |
| ७ | मंगलगढि मिलन टोल पिपलडाडा टोल पर्सेनी सम्म स. | | १६९४००० |
| ८ | प्रसुती सेवा वापत | | २५८००० |
| ९ | श्री अन्तरकाँडा वेलघारी सिचाइ तथा सरसफाइ उपभोक्ता समिति | १ | ७६५००० |
| १० | डिप बोरिङ्ग | ७ | ९५९९०० |
| ११ | मित्रनगर टोल सडक निर्माण (मुख्यमन्त्री रोजगार) | ४ | १०७८००० |
| १२ | छेडा ठुलो खोला ग्रामिण कृषि सडक उ स ( मुख्यमन्त्री रोजगार) | १४ | ६८६००० |
| १३ | तिजुगौरा भुतेपोखरी थाली ग्रामीण कृषि सडक स्तरोन्नती | १४ | ५८२००० |
| १४ | दत्तात्रेय मन्दिर सेवा समाज | १२ | १८०९५०० |
| १५ | नेपाली सुन्नी मस्जित गुल्सने मदिना उ स | १० | १४०५००० |
| १६ | गाग्रेताल स्कुल आईसीटी | | ५००००० |

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

वीरेन्द्रनगर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय, सुर्खेत

मिति २०७९।०३।३१ गतेको छैठौं कार्यपालिका बैठकको निर्णयहरु

(ख) साथै तपसिल बमोजिमको नगरपालिका तर्फ आर्थिक वर्ष २०७८।७९ का लागी स्वीकृत बजेट तथा कार्यक्रम अनुसार सम्झौता सम्पन्न भएका योजना तथा कार्यक्रम तर्फका भूक्तानी बाँकी सूचीका आयोजना तथा कार्यक्रमहरु आगामी आर्थिक वर्षको वार्षिक कार्यक्रममा भूक्तानी बाँकी आयोजना जनाई भुक्तानी दिने ।

**नगरपालिका तर्फको चालु/ पुँजिगत खर्च भुक्तानी दिन बाँकी**

| सिनं | योजना/व्यक्ति/ फर्म/ संथाको नाम | वडा नं | रकम |
|---|---|---|---|
| १ | शहरी स्वास्थ्य केन्द्र रतुमा काठ खरिद | १५ | १००००० |
| २ | बसपार्क कम्पाउण्ड वाल निर्माण | ६ | ६२४३३२४ |
| ३ | वडा नं ६ का सरसफाइकर्मिको ज्याला | ६ | ९२२६० |
| ४ | वडा नं ४ को डिप बोरिङ्ग क्रमागत | ४ | ८९८२९२ |
| ५ | वडा नं १ को फोहोरमैला व्यवस्थापन | १ | १६८०५० |
| ६ | वडा नं १ को पदाधिकारी बैठक भत्ता २०७९ जेठ र आषाढ | १ | ३६००० |
| ७ | बिभिन्न समितिको बैठक भत्ता विपद |  | २३.३००० |
| ८ | वडा नं ४ को विभिन्न ठाउमा सडक ग्रावेर र आरसिसि | ४ | २३०६१७ |
| ९ | वडा नं ४ मा खानेपानी बोरिङ्ग निर्माण | ४ | ९२४६९९ |
| १० | सरस्वती प्रा वि गेट निर्माण | १ | १००००० |
| ११ | नवीन चपाईको घर उत्तर तर्फको सडक स्तर उन्नती | ७ | १०५६७७ |
| १२ | सहरी स्वास्थ्य चौकी जस्तापाता | १५ | १००००० |
| १३ | काक्रेविहार क्षेत्र जीवजन्तुलाइ खानेपानी भुमिगत जल व्यवस्थापन | ९ | ८००००० |
| १४ | भैरव मा वि फर्निचर व्यवस्थापन | ४ | ३५०००० |
| १५ | भैरव मा वि फर्निचर व्यवस्थापन | ४ | २००००० |
| १६ | डिप बोरिङ्ग सिचाइ तथा खानेपानी | १० | २००००० |
| १७ | पुल्चोक टोल विकास संस्था स्थित महेश नेपालीको सडक स्तरोन्नती | ६ | ३६९६२३ |
| १८ | काक्रेविहार गेट उत्तर तर्फको घुम्ति सडक स्तरउन्नती | ९ | २००००० |
| १९ | वडा कार्यालय भवन निर्माण | ६ | ३४२३८१ |
| २० | चपाइ चोक | ७ | ९८८५५ |
| २१ | वडा नं १ को डिप बोरिङ्ग | १ | १००००० |

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)

नगर प्रमुख

वीरेन्द्रनगर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय, सुर्खेत

मिति २०७९।०३।३१ गतेको छैठौं कार्यपालिका बैठकको निर्णयहरु

| | | | |
|---|---|---|---|
| २२ | तिलक बस्नेतको घर हुदै डिभि निकेतन जाने सडक स्तरोन्नती | ७ | ६५६६०५ |
| २३ | वडा नं १६ विविध खर्च तस्विर वि क | १६ | ४७००० |
| २४ | वडा नं १५ का कर्मचारीको भ्रमण खर्च | १५ | ५०००० |
| २५ | वड़ा नं १३ का कर्मचारीको भ्रमण खर्च | १३ | ५२००० |
| २६ | वडा नं १२ को खाजा नास्ता प्रेम प्रसाद खराल | १२ | ६००० |
| २७ | मंगलगढि भित्रि सडक नाला मर्मत तथा कालोपत्रे | ९ | ३८५१०३ |
| २८ | माउतेकुना ह्युमपाईप राख्ने कार्य म्याचिङ्ग फण्ड सहित | १० | ८७००० |
| २९ | थारु ठनुवा निर्माण समिति गठन | १० | १२४७७४ |
| ३० | विभिन्न कर्मचारी भ्रमण खर्च | संयुक्त | ९६००० |
| ३१ | ११ नं को २०७९ जेठ देखि आषाढ महिनाको बैठक भत्ता | ११ | ३५००० |
| ३२ | १२ नं वडाको २०७९ जेठ र आषाढ महिनाको बैठक भत्ता | १२ | ३३००० |
| ३३ | १० नं को २०७९ जेठ देखि आषाढ महिनाको बैठक भत्ता | १० | ३६००० |
| ३४ | वडा नं ७ को विविध खर्च रकम | ७ | ५७९०० |
| ३५ | योजना अनुगमन शाखाको अतिरिक्त कार्य | | ८०००० |
| ३६ | लक्ष्मण गिरीको घरदेखि पश्चिम / ववित निर्माण सेवा | ४ | १८७१२० |
| ३७ | भकारो सुधार | १५ | ३००००० |
| ३८ | न्यु नेपाल ट्रेड एण्ड सप्लायर्स | | ५३६२५० |
| ३९ | सौगात मल्टिपल एकेडेमी | | १९०००० |
| ४० | थारु कल्याणकारी सभा | | २५०००० |
| ४१ | पिपलपानी अर्पण स्थल | १० | २००००० |
| ४२ | वडा नं. ९ को डिप बोरिङ्ग वापत | ९ | १५०००० |
| ४३ | शुभकामना एग्रो इन्टरप्राइजेज लागत सहभागिताको रकम | कृषि | २००००० |
| ४४ | बैठक भत्ता राजन तिवारी/ उपेन्द्र लामिछाने, उत्तम आचार्य, राजश्व परामर्श समिति | | ३३५००० |
| ४५ | धिरेन्द्र चन्दको घरदेखी पश्चिम नाला तथा सडक स्तरोन्नती | ८ | ५००००० |
| ४६ | वडा नं. ७ को चौतारो निर्माण कालुङ्गचोक | ७ | १४४८२५ |

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

CamScanner

वीरेन्द्रनगर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय, सुर्खेत

मिति २०७९।०३।३१ गतेको छैठौ कार्यपालिका बैठकको निर्णयहरु

| | | | |
|---|---|---|---|
| ४७ | मंगलगढी मिलनटोल देखी पिपलडांडा टोल पर्सेनी सम्म सडक स्तरोन्नती तथा बाटो ग्रावेल उ.स. | ९ | १०४७४६५ |
| ४८ | जि.स.स. बाट सहकार्य योजना वापत | | ११००००० |
| ४९ | भिडियो एक्सरे देउति नर्सिङ्ग र प्रदेश अस्पताल | | १००००० |
| ५० | कृत्रिम गर्भाधान कार्यक्रम | | २०००० |
| ५१ | वडा न ८ को कार्यालयको फर्निचर व्यवस्थापन खर्च | | ३६८८५५ |
| ५२ | वडा न ९ को स्वास्थ्य तर्फका करार कर्मचारीको पारिश्रमिक भुक्तानी | | ७००००० |
| ५३ | वडा न १६ विद्यार्थी पोसाक, आरन व्यवस्थापन र बीउ बिजन खरिदको कागजात जाँची सम्लग्न सिफारिसको आधारमा भुक्तानी दिने | | |

**निर्णय न. ४.** नगरपालिकाको दैनिक प्रशासनिक सेवा प्रवाहलाई थप सुदृढ गर्दै स्थानीय सेवालाई निश्चित मापदण्डका आधारमा सक्षम, व्यवस्थित र मापनयोग्य बनाउँदै नगरपालिकाको सेवा प्रवाहलाई सुदृढ गरी सुशासन प्रवर्द्धन गर्नका लागि सुशासन तथा संस्थागत विकास समितिको मिति २०७९।०३।२९ गतेको बैठकको निर्णय अनुसार कार्यपालिका बैठकमा निर्णयार्थ पेश भएका प्रस्तावित विषयका सम्बन्धमा आजको बैठकमा दफावार छलफल गरियो। सो सम्बन्धमा देहाय बमोजिम गर्ने।

देहाय

(क) नगरपालिका कार्यालय भित्रका विभिन्न शाखाहरुमा दैनिक रुपमा प्रयोग हुँदै आएका चिया, नास्ता लगायतको बिल बढ्दो क्रममा रही चालु खर्च दिनानुदिन बढ्दै रहेको सन्दर्भमा यस विषयलाई व्यवस्थित र एकद्धार प्रणाली अन्तर्गत ल्याउनका लागि २०७९ श्रावण १ देखी कार्यालय हाता भित्र नै कालो चियाको व्यवस्था गरी अन्यत्रबाट चिया खाजा ल्याउन पूर्णत बन्द गर्ने। तर कुनै निर्धारित कार्यक्रमका लागि स्वीकृत बजेटको सीमा भित्र रही कार्यालय भन्दा बाहिरबाट चिया खाजाको व्यस्थापन गर्न सकिनेछ।

(ख) नगरपालिकामा कार्यरत कर्मचारीहरुले नियमित रुपमा प्राप्त गर्दै आईरहेको मासिक ईन्धन तथा सवारी साधन र सो को मर्मत खर्च लगायतको सुविधाको विवरण जिन्सी उपशाखाबाट १५ दिन भित्रमा पेश गर्न लगाई निश्चित मापदण्डका आधारमा कार्यबोझ र शाखागत जिम्मेवारी र उपलब्ध स्रोत साधन, हाल भईरहेको चुहावटको स्थिति, कर्मचारीको सेवा प्रतिको लगाव लगायतको पक्षलाई मध्यनजर गर्दै आवश्यकता आधारमा मात्र व्यवस्थापन गर्ने गरी कर्मचारीहरुलाई उल्लेखित सुविधा उपलब्ध गराउने। साथै नगरपालिकामा मितव्ययीता कायम राख्न हाल कार्यालयबाट दिईएको कुनै पनि अतिरिक्त सुविधा कटौती गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

CamScanner

वीरेन्द्रनगर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय, सुर्खेत

मिति २०७९।०३।३१ गतेको छैठौ कार्यपालिका बैठकको निर्णयहरु

(ग) नगरपालिकालाई आवश्यक हुने कर्मचारी संख्या, कार्यविवरण, कार्यबोझ, कार्यरत कर्मचारीको कार्यसम्पादनको स्तर, दरबन्दी पुनरावलोकन आदिलाई मध्यनजर गरी छ महिना भित्र विषय विज्ञ मार्फत संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M) गरी कर्मचारी व्यस्थापन लगायतको कार्य सम्पन्न गर्ने ।

(घ) २०७९ श्रावण ०१ देखी नै प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख बीच मापनयोग्य कार्यसम्पादन सम्झौता गरी र सो को कार्यान्वियन अवस्थाका आधारमा दण्ड र पुरस्कार नीति अख्तियार गर्ने । साथै सोही अवधि देखी कार्यालयमा एक नतिजा व्यवस्थापन ईकाइ र नागरिक सहायक कक्ष स्थापना गर्ने ।

(ङ) कर्मचारीको व्यावसायिक आचरण, समय पालना, पोशाक,नियमितता, कार्यकक्षमा नियमित उपस्थिती लगायतको पेशागत सेवा, सर्त अनुसारको सेवाग्राहीमैत्री व्यवहार प्रदर्शन गरी नमूना नगरपालिकाका रुपमा विकास गर्ने । साथै सबै कर्मचारीहरु तोकिएको समयमा कार्यकक्षमा रही कार्य सम्पादन गरे नगरेको विषयमा सुशासन तथा संस्थागत विकास समिति एंव प्रमुख प्रशासकीय अधिकृतबाट अनुगमन गरी कुनै कैफियत देखिएका अनुशासनको दायरामा ल्याउने ।

(च) सम्मानित अदालत तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायतका नियमनकारी निकायहरु मार्फत यस नगरपालिकामा प्रेषित पत्रहरुको कार्यप्रकृतिका आधारमा सम्पादन हुने कामकारबाहीको गोप्यता र सीघ्रता कायम गर्न एक विशेष ईकाइ स्थापना गर्ने । यसप्रकारका नियमनकारी निकायका गोप्य सूचना चुहावट गरी पदिय आचरण विपरितको क्रियाकलाप गर्ने नगरपालिकाका कर्मचारीहरुलाई प्राप्त प्रमाणका आधारमा विभागिय कारबाही गर्ने ।

(छ) विभिन्न संघ संस्थामा आवश्यकता अनुसार यस नगरपालिकाको प्रतिनिधित्व गर्ने गरी सहभागी हुने कार्यक्रममा कर्मचारीहरुले प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृती लिई तोकिएको कार्य सम्पन्न गरी दिउँसो २ बजे पश्चात मात्र यसप्रकारका कार्यक्रममा सहभागिता जनाउने व्यवस्था मिलाउने ।

(ज) नगरपालिकाको बेरुजु क्रमश न्यूनीकरण गर्नका लागि नियमित गर्नुपर्ने र असुल उपर गर्नुपर्ने विषयलाई अभियानकै रुपमा संचालन गरी तुरुन्त लागु गर्ने ।

(झ) यस नगरपालिका अन्तर्गत कार्यरत कर्मचारीहरुको फरक शाखागत र वडागत सीप, क्षमता विकास, अनुभव आदान प्रदान गर्न मापदण्डका आधारमा पूर्व अनुमान योग्य आन्तरिक सरुवा तथा जिम्मेवारी हेरफेर गर्ने ।

(ञ) नगरपालिकाको दैनिक सेवा प्रवाहलाई सुधार गर्नका लागि विषयगत शाखा, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुको नियमित र आकस्मिक रुपमा सुशासन तथा संस्थागत विकास समिति मार्फत अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने र सो को आधारमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक प्रभावकारी निर्णय लिने ।

(ट) नगरपालिका र अन्तर्गतका सबै कार्यालयको दैनिक सेवा प्रवाहलाई व्यवस्थित र नियमित गर्नका लागि हरेक दिन दिउँसो २ देखी २.३० बजे सम्म खाजा समय कायम गर्ने ।

(ठ) सबै शाखा प्रमुखहरुले आफुले सम्पादन गरेका कामकारबाहीका सम्बन्धमा साप्ताहिक रुपमा प्रमुख प्रशासकीय अधिकृत समक्ष कार्य प्रगती पेश गर्ने । सो का आधारमा पाक्षिक रुपमा प्रमुख प्रशासकीय

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

CamScanner

वीरेन्द्रनगर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय, सुर्खेत

मिति २०७९।०३।३१ गतेको छैठौ कार्यपालिका बैठकको निर्णयहरु

अधिकृतले प्रमुख र उपप्रमुख सहितको सुशासन तथा संस्थागत विकास समितीको संयुक्त बैठक समक्ष नगरपालिकाको समग्र प्रगती विवरण पेश गर्ने।

(ड) हाल नगर अस्पतालमा कार्यरत ८ औ तहको विशेषज्ञ डाक्टर मध्ये एक जनालाई लाटीकोईली अस्पताल समेत हेर्ने गरी कार्य जिम्मेवारी तोक्ने। साथै अन्य स्वास्थ्य संस्थाहरुमा समेत आवश्यकता अनुसार उल्लेखित विशेषज्ञ सेवा प्रदान गर्न दुबै जना डाक्टरहरुलाई तोकिए बमोजिम जिम्मेवारी प्रदान गर्ने।

(ढ) कुनै पनि विषयगत समिति मार्फत सोझै योजना तथा कार्यक्रम बाँडफाड नगरी सम्बन्धित समितिको सिफारिसको आधारमा कार्यपालिका मार्फत निर्णय गरेर मात्र कार्यक्रम संचालन गर्ने।

**निर्णय न. ६.** देहायको कार्यविधि र योजना आजको बैठकमा टेबुल गरियो।

देहाय

(क) एफ एम रेडियो (व्यवस्थापन तथा संचालन) कार्यविधि २०७९

(ख) वीरेन्द्रनगर नगरपालिकाको १० वर्षे शिक्षा क्षेत्र सुधार योजना (ESP) २०७९।८०-२०८९।९०

**निर्णय न. ७.** (क) यस नगरपालिकामा गत विगत वर्षहरु देखि नै विभिन्न कार्यक्रम तर्फका तथा नगरपालिकाले आन्तरिक स्रोतबाट खर्च लेख्ने गरि करार गरेका कर्मचारीहरुको २०७९ आषाढ मसान्तमा करार म्याद समाप्त हुने सन्दर्भमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनको आधारमा साविकको सेवा सुविधा अनुसार नै हुने गरी २०७९ श्रावण १ गते देखि संगठन तथा व्यवस्थापनको प्रतिवेदन प्राप्त हुने अवधि सम्म छ महिनाका लागी निजहरुको करार म्याद थप गरी सेवालाई निरन्तरता दिने।

(ख) नगरपालिकामा विभिन्न सरकारी एंव गैर सरकारी कार्यक्रम, आयोजना तर्फ कार्य गर्न सोही परियोजनाबाट वा नगरपालिकासँगको साझेदारीमा आंशिक तलब,भत्ता भुक्तानी हुने गरी नियुक्त कर्मचारीहरुको हकमा सम्बन्धीत निकायंबाट म्याद थप गर्न मिल्ने भनी लेखी आएमा परियोजनाबाट प्राप्त बजेटको सिलिङको परिधी तथा तोकिएको कार्य शर्त भित्र रहि आर्थिक वर्ष २०७९।८० को पौष मसान्त सम्मका लागि मात्र करार निरन्तरता हुने गरी म्याद थप गर्ने।

(ग) यस नगरपालिकाको अनुमती नदिई विभिन्न वडाहरुले वडाको आन्तरिक स्रोतबाट व्ययभार हुने गरी करार गरेका स्वास्थ्यकर्मी, कम्प्युटर सहायक, कार्यालय सहयोगी लगायतका कर्मचारीहरुको करार म्याद २०७९ श्रावण १ देखी थप नगर्ने।

(घ) विभिन्न तहका सम्मानित अदालतमा यस नगरपालिका विरुद्ध पर्न जाने मुद्धा मामिलाको रोहमा आवश्यक कानूनी सेवा र सल्लाह प्रदान गर्नुका साथै न्यायिक समितिको दैनिक कामकाजमा आवश्यक सहजीकरणको लागी विगत देखी कानूनी सल्लाहकारको रुपमा सेवा दिदै आउनुभएका वरिष्ठ अधिवक्ता श्री कृष्ण बहादुर हमालको करार म्याद २०७९

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

वीरेन्द्रनगर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय, सुर्खेत

मिति २०७९।०३।३१ गतेको छैठौं कार्यपालिका बैठकको निर्णयहरु

श्रावण १ देखी पौष मसान्त सम्म थप गरी अधिकृत स्तर छैठौं तहको प्रचलित सुरु तलब स्केल बमोजिमको सुविधा उपलब्ध गराउने।

(ङ) यस नगरपालिकाका प्रमुख तथा उपप्रमुखज्युको दैनिक कार्य प्रवाहलाई थप व्यवस्थित तथा प्रभावकारी बनाउनका लागी सहायक स्तर चौथो/पाँचौ तहका एक/एक जना कर्मचारी सचिवालयका लागि (स्वकिय सचिव) र कार्यालय सहयोगी व्यवस्थापन गर्ने । यसरी कर्मचारी उपलब्ध गराउँदा नगरपालिकाको सेवा भन्दा बाहिरबाट प्रमुख र उपप्रमुखज्युले तोकेका व्यक्तिलाई प्रमुख र उपप्रमुखज्युको सेवा अवधि रहने अवधि सम्मका लागी वार्षिक रुपमा द्विपक्षीय करार व्यवस्थापन गर्ने।

**निर्णय न. ८.** यस नगरपालिकामा दमकल, फोहरमैला व्यवस्थापन तथा प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत ज्युको सवारी चालक लगायतको २४ सै घण्टा विपद्जन्य सेवामा संम्लग्न हुने देहायका कर्मचारीहरुलाई विगत देखी नै दिईदै आएको खाना खर्च लगायतको थप प्रोत्साहन सुविधा २०७९ श्रावण १ देखी पनि निरन्तरता दिने।

| क्र स | कर्मचारीको नाम | सुविधा रकम (रु.) | जिम्मेवारी |
|---|---|---|---|
| १ | श्याम देवकोटा | १७०००। | प्रमुख चालक, फोहोर ईन्चार्ज, दमकल |
| २ | गोविन्द प्रसाद सापकोटा | १२०००। | दमकल चालक |
| ३ | वैकल्पिक दमकल चालक | ९०००। | |
| ४ | चन्द्र बहादुर थापा | ११०००। | उपप्रमुख चालक |
| ५ | हरि पौडेल | ६०००। | प्रमुख प्रशासकीय अधिकृत चालक |
| ६ | गोविन्द प्रसाद खराल | ३०००। | प्रमुख सचिवालय का स |
| ७ | दमकल फायर म्याद ५ जना | ५५००। | |

**निर्णय न. ९.** देहायको विषयहरु माथी सैद्धान्तीक स्वीकृती प्रदान गरियो।

क) यस नगरपालिकाको झुप्रा तथा भेरी नदी, बराह तालको रानीघाट क्षेत्र लगायतमा ढुङगा, गिटी, बालुवा उत्खननको लागी प्रचलित कानूनको मापदण्ड अनुसार नदीजन्य पदार्थको IEE तयार गर्दै व्यस्थापनको प्रक्रिया अघी बढाउने।

ख) यस नगरपालिकाको वडा न ६ स्थित बहुउद्धेश्यीय सपिङ मल बनाउनका लागी आवश्यक प्रक्रिया अंगाडी बढाउने।

ग) यस नगरपालिका क्षेत्र भित्र हुने कबाडी मालसामानहरुको व्यवस्थापनका लागि विगतमा गरिएको ठेक्का सम्झौताको म्याद यहि आषाढ मसान्तमा समाप्त भएको सन्दर्भमा गत सालको टेण्डर मूल्यमा २० प्रतिशत थप गरी सूचना (E-Bid) आह्वान गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

CamScanner

वीरेन्द्रनगर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय, सुर्खेत

मिति २०७९।०३।३१ गतेको छैठौं कार्यपालिका बैठकको निर्णयहरु

घ) वी न पा १६ गोपितडा स्थित गर्पन र पाम्का जोड्ने हुलाकी सडकमा पुल नभएको कारण दैनिक आवतजावतमा समस्या भएकाले उक्त स्थानमा पुल निर्माण गरिदिनका लागी प्राविधिक सेवा परामर्श संस्था (हेल्वटास) सुर्खेतलाई अनुरोध गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख